का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ फागुन २०८०,
बिहीबार
15 February 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक २ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# माओवादीमा नामै फेर्ने प्रस्ताव

माओवादलाई राजनीतिक दर्शन मानेर २०५१ सालमा राखिएको पार्टीको नाम माओवादी फेर्ने प्रस्ताव विधान महाधिवेशनमा प्रतिनिधिहरुले राखेका छन् । शहरी जनसंख्यालाई ध्यान दिएर चुनाव चिह्न गोलाकारभित्रको हसिया हथौडासमेत फेर्नुपर्ने प्रस्ताव पनि प्रतिनिधिहरुले उठाएका छन् ।



संसदीय राजनीतिमा विभिन्न पार्टीको मोर्चा बनाउने भएपछि पार्टीको नाम र चुनाव चिह्न फेर्ने कि भन्ने धारणा आउनु स्वाभाविक हो । यसबारे जारी विधान अधिवेशनले कुनै न कुनै निर्णय लिने विश्वास छ ।

**पम्फा भुसाल**
**उपाध्यक्ष, माओवादी केन्द्र**



पार्टीको नाम र चुनाव चिह्न फेर्ने विषय धेरै पहिलादेखि बहसमा आएको हो । यसपटक तल्ला कमिटीसम्म बहस भएर निचोड निकाल्ने गरी छलफल हुँदैछ ।

**डोरप्रसाद उपाध्याय**
**नेता, माओवादी केन्द्र**



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २ फागुन ।

नेकपा माओवादी केन्द्रको विधान अधिवेशनका क्रममा सुझाव संकलन गर्ने क्रम जारी छ । बुधबार विभिन्न २० समूह मध्ये १३ समूहबाट सुझाव प्रस्तुत भएको छ । सुझाव पेश गर्ने नेताहरुले महाधिवेशन प्रतिनिधि पार्टी समिति सदस्यबाट निर्वाचित भएर आउनुपर्ने र सहिद, वेबत्ता र घाइतेका सदस्याका प्रतिनिधिलाई महाधिवेशनमा परिवेक्षकका रुपमा राख्नुपर्ने, पार्टीलाई छरितो एवं जनमैत्री बनाएर सबै क्षेत्र र समूदायलाई समेटेर लैजानुपर्ने बताएका छन् ।

नेता कञ्चन खनालले पार्टीलाई दिगो बनाउने गरी जानुपर्नेमा जोड दिए । अर्का नेता सरल सहयात्रीले पार्टी र निर्वाचन चिह्न फेर्ने सुझाव आएको बताए । पार्टी सदस्य दिँदा सरल बनाउनुपर्ने, निर्वाचन, लेखा र अनुशासनलाई थप अधिकार दिनुपर्ने र महाधिवेशनको मिति स्पष्ट रुपमा तोकिनुपर्ने बताए ।

नेता युवराज चौलागाईले प्रत्यक्ष निर्वाचनमा पार्टी समितिलाई लैजानुपर्ने सुझाव पेश गर्दै पार्टीको स्थायी समिति सदस्य विधानमा उल्लेख गर्न नपर्ने बताए । उनले पार्टीभित्र मात्र नभई सबै तहका सार्वजनिक पदको उम्मेदवार पार्टी सदस्यबाट तय गर्नुपर्ने सुझाव पेश गरेका छन् ।

गत मंगलबारदेखि काठमाडौँको कमलाधिस्थित प्रज्ञा प्रतिष्ठानमा जारी अधिवेशनमा सहभागीलाई विभिन्न २० समूहमा विभाजन गरिएको थियो । बिहीबार बाँकी ७ समूहले सुझाव पेश गर्ने कार्यक्रम छ । बुधबारसम्म सुझाव राख्ने नेताहरुले चुनावमा गठबन्धन नगर्ने लगायत विषयका साथसाथै पार्टीलाई नयाँ ढंगले अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् ।

बिचारधारामा माओवाद स्थगित गरेको केही वर्ष भएतापनि नाममा कायमै छ । यसलाई निरन्तरता दिँदा शहरी क्षेत्रमा संगठन विस्तारमा समस्या भएको निचोडका आधारमा नेताहरुले नामै फेर्ने प्रस्ताव राखेका हुन् ।

यसअघि माओवादी केन्द्रको माघ १२ देखि २१ गतेसम्म चलेको स्थायी कमिटी बैठकमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नै पार्टीको नाम र चुनाव चिन्ह फेर्ने प्रस्ताव गरेका

>>> पृष्ठ २ मा

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बालुवाटार जग्गा प्रकरण

## हेर्दाहेर्दैमा फैसला !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ फागुन ।

बालुवाटार जग्गा प्रकरण मुद्दा हेर्दाहेर्दैमा परेको छ । विशेष अदालतले बुधबार सुनुवाइ सकेको छ। तर फैसला हेर्दाहेर्दैमा राखिएको हो। बुधबार नै फैसला आउन सक्ने भनिएता पनि हेर्दाहेर्दैमा राखिएको हो । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्यहरु न्यायाधीश खुशीप्रसाद थारु, राम बहादुर थापा र रितेन्द्र थापाको इजलासले चार बर्षअघि दर्ता भएको मुद्दाको सुनुवाइ गरेको थियो ।

बालुवाटारस्थित ललिता निवासको १ सय १३ रोपनी भन्दा धेरै जग्गा व्यक्तिको नाममा पुर्‍याएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७६ माघ २२ मा विशेष अदालतमा मुदा दर्ता गरेको थियो । मुद्दामा आयोगले १७५ जना प्रतिवादी बनाएको थियो जसमध्ये ६५ जनालाई जग्गा फिर्ताका लागि मात्रै प्रतिवादी बनाएको थियो ।

त्यसबेलाका उपप्रधान तथा भौतिक योजनामन्त्री विजयकुमार गच्छदार, तत्कालीन भूमिसुधारमन्त्री डम्बर श्रेष्ठ र अर्का पूर्वमन्त्री चन्द्रदेव जोशीबिरुद्ध मुद्दा दायर भएको थियो । बुधबार फैसला आउने भन्दै पूर्वमन्त्री चन्द्रदेव जोशीसहितका प्रतिवादीहरु विशेष अदालत पुगेका थिए ।

यो भ्रष्टाचारमा संलग्न रहेको आरोपमा तत्कालीन सचिवहरु दीप बस्न्यात, छविराज पन्त, दिनेशहरि अधिकारी, पूर्वनिर्वाचन आयुक्त सुधीर शाह र उनकी पत्नी उर्मिला, पूर्वसहसचिव गेहनाथ भण्डारी, उनकी पत्नी भुवनकुमारी चापागाइँ, चितवन जिल्ला अदालतमा कार्यरत न्यायाधीश विनोदकुमार गौतमबिरुद्ध भ्रष्टाचार मुद्दा दर्ता भएको थियो ।

> यो जग्गा विवादमा पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल र डा. बाबुराम भट्टराईसमेतको संलग्नता रहेको भनि आलोचना भएको थियो । दुवै पूर्वप्रधानमन्त्रीसँग सोधपुछसमेत भएको थियो । नेकपा एमालेका नेता विष्णु पौडेलका छोराको नाममा जग्गा रहेको भनि उनीसमेत छानबिनमा तानिएका थिए । तर जग्गा फिर्ता गरेका कारण पौडेलका छोराले उन्मुक्ति पाएका थिए ।

यो जग्गा विवादमा पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल र डा. बाबुराम भट्टराई समेतको संलग्नता रहेको भनी आलोचना भएको थियो । दुवै पूर्वप्रधानमन्त्रीसँग सोधपुछ समेत भएको थियो। नेकपा एमालेका नेता विष्णु पौडेलका छोराको नाममा जग्गा रहेको भनी उनी समेत छानबिनमा तानिएका थिए । तर, जग्गा फिर्ता गरेका कारण पौडेलका छोराले उन्मुक्ति पाएका थिए ।

यो मुद्दा लामो समयदेखि अदालतमा छ । बुधबारै फैसला सुनाउने तयारी

>>> पृष्ठ २ मा

# टिकटक प्रतिबन्ध खोल्न सरकारमाथि दबाब

प्रतिबन्धलाई लिएर देशभित्रै कतिपयले असन्तुष्टि जनाइरहेका बेला टिकटकले पत्र नै लेखेर सरकारमाथि दबाब बढाएको छ । नेपालमा कार्यालय खोल्न इन्कार गरेको टिकटकले यसपटक नेपालको कानून मान्न तयार रहेको बताएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ फागुन ।

नेपालमा सामाजिक सञ्जाल टिकटक बन्द गरेको तीन महिना बढी भइसकेको छ । टिकटक बन्द गर्ने सरकारको निर्णयपछि देशभित्रै कतिपयले असन्तुष्टि जनाइरहेका छन् । यही बेला टिकटकले पत्र नै लेखेर सरकारमाथि दबाब बढाएको छ ।

विगतमा नेपालमा कार्यालय खोल्न इन्कार गरेको टिकटकले यसपटक नेपालको कानुन मान्न तयार रहेको बताएको छ ।

गत कात्तिक २७ गते बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक सद्भाव बिगारेको भन्दै टिकटक बन्द गर्ने निर्णय गरेको थियो । बन्द भएपछि टिकटक प्रतिनिधिको एक टोली माघको दोस्रो साता काठमाडौं आएर फर्केका थिए । सरकारको निर्णय पुनर्विचार गर्न आग्रहसमेत गरेको थियो । टोलीले विभिन्न समूह, व्यक्तिसँग छलफल गरेर फर्केको थियो । फेरि एक टोली नेपाल आएको छ ।

सोही टोलीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्र पठाउँदै टिकटकले नेपालको कानुनअनुसार आफ्नो प्लेटफर्म चलाउने प्रतिबद्धता जनाउँदै प्रतिबन्ध फुकाइदिन आग्रह गरेको हो । सरकारले टिकटक प्रतिनिधिको आग्रहलाई नटेरेपछि फेरि आग्रहका लागि नेपाल आएको बताइएको छ । प्रहरीको साइबर ब्यूरोसँग छलफल गराइदिनसमेत टिकटकका प्रतिनिधिले आग्रह गरेको बताइएको छ ।

यसअघि, सरकारले सामाजिक सञ्जाल टिकटक प्रतिबन्ध गरेपछि सर्वोच्च अदालतमा १४ वटा छुट्टाछुट्टै रिट निवेदन दर्ता भएका थिए । ती मुद्दा सर्वोच्चमा अझै पनि विचाराधीन छन् । सर्वोच्चले प्रारम्भिक सुनुवाइ गर्दै सरकारको निर्णय सदर गरिदिएको थियो ।

यसपटक टिकटकले प्रतिबन्ध लगाउँदा नेपाल सरकारले देखाएको कारणलाई पनि सम्बोधन गर्ने प्रयास गरेको बताइन्छ । सरकारले सामाजिक तथा पारिवारिक सद्भावमा खलल पुर्‍याउने खालका कन्टेन्ट टिकटकमा आएको तर्क गरेको थियो । नयाँ पत्रमा टिकटकले आफ्नो प्लेटफर्ममा भएका कुनै पनि कन्टेन्टबारे नेपालको चासो वा सरोकार प्रत्यक्ष राख्न दिने र त्यसलाई सम्बोधन गर्न फोकल प्वाइन्ट (सम्पर्क बिन्दु) तोक्ने बताएको छ ।

नेपाली भाषाका सामाग्रीहरुको फिल्टर गर्न आवश्यक प्रबन्ध गर्ने प्रतिवद्धता छ । टिकटकमा नेपाली भाषा प्रयोग भएका कतिपय अश्लिल समाग्रीहरु प्रणालीले नचिन्दा फिल्टर नहुने समस्या छ । यसलाई ध्यानमा राखेर टिकटकले सामग्री फिल्टरिङ र मध्यस्थता बढाउन नेपाली भाषाको सोर्स अनबोर्ड गर्ने बताएको छ ।

राष्ट्रव्यापी इन्टरनेट सुरक्षा र डिजिटल साक्षरता अभियान सुरु गर्ने, शैक्षिक नतिजा सुधार्न विद्यालय र कलेज विद्यार्थीहरूका लागि शैक्षिक सामग्री डिजिटलाइज्ड गर्न सहयोग गर्ने प्रतिबद्धता टिकटकले जनाएको छ ।

## वैदेशिक रोजगार विशेष

# माघमा ६२ हजार बढीले लिए श्रम स्वीकृति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ फागुन

पुस महिनाको तुलनामा माघ महिनामा वैदेशिक रोजगारमा जानेको संख्यामा कमी आएको छ । पुसमा ६५ हजार ८ सय १३ नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएकोमा माघ महिनामा उक्त संख्या ६२ हजार १ सय ४७ रहेको छन् । वैदेशिक रोजगार विभागको माघ महिनाको तथ्यांकअनुसार म्यानपावर कम्पनीबाट ३० हजार ७ सय ८६ जना नयाँ कामदार वैदेशिक रोजगारीमा गएका छन् ।

माघमा अघिल्लो महिना पुसमा जस्तै यूएईमा धेरै नेपाली गएका छन् । यूएईमा म्यानपावर कम्पनीबाट १० हजार ८ सय ६१ जना गएका छन् भने समग्रमा १७ हजार ६२ जना गएका छन् । माघमा साउदी अरेबिया दोस्रो स्थानमा रहेको छ । साउदीमा म्यानपावर कम्पनीबाट ६ हजार ३ सय ८८ जना र सबै प्रक्रियाबाट १२ हजार ३ सय ६६ जना गएका छन् । तेस्रोमा कतार रहेको छ । ममघमा १२ हजार १ सय ६४ जना गएको कतारमा म्यानपावर कम्पनीमार्फत ३ हजार ६ सय ८८ जना गएको विभागको तथ्यांक छ । मलेसिया सूचीको चौथो स्थानमा रहेको छ । माघमा समग्रमा ६ हजार ७ सय ९५ जना कामदार गएको मलेसियामा म्यानपावर कम्पनीमार्फत भने ५ हजार ४ सय ७७ जना गएका छन् ।

माघमा कुवेत जान २ हजार २ सय १० जनाले श्रम स्वीकृति लिएका छन् । यस्तै म्यानपावर कम्पनीमार्फत जापान जानेको संख्या ७७ छ भने व्यक्तिगतरुपमा ९ सय १७ जना जापान गएका छन् । बहराइन जानेको संख्या ५ सय र हङकङमा ४ जनाको श्रम स्वीकृति भएको छ । हङकङमा व्यक्तिगतरुपमा ५७ जनाको श्रम स्वीकृति भएको छ ।

पछिल्ला महिना रोजगारीका लागि युरोप जाने बढेका छन् । पुसमा मात्र रोमानियामा म्यानपावरमार्फत ४ सय ३१

>>> पृष्ठ २ मा

### नील कमल शीर्ष स्थानमा

**काठमाडौं/मस-** माघ महिनामा ७ सय ४१ म्यानपावर कम्पनीले कामदारको श्रम स्वीकृति लिएकोमा नीलकमल ह्युमन रिसोर्स प्रा.लि. धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा रहेको छ । माघमा ६ दर्जन बढी म्यानपावर कम्पनीले सयभन्दा बढी कामदार वैदेशिक रोजगारीमा पठाउन श्रम स्वीकृति लिएका छन् ।

>>> पृष्ठ २ मा

### ईपीएस परीक्षा फागुन ७ देखि

**काठमाडौं/मस-** रोजगार अनुमति प्रणाली (ईपीएस) कार्यालयले ७ फागुनदेखि कोरियाली भाषा परीक्षा शुरु गर्ने भएको छ । एक सूचना जारी गर्दै ईपीएस कोरिया शाखाले उत्पादनमूलकतर्फ जाने श्रमिकहरुको कोरियन भाषा परीक्षा शुरु हुने र परीक्षा हुनुभन्दा एक दिनअघि ग्वार्कोस्थित ईपीएस कोरिया शाखामा परीक्षार्थीले बायोमेट्रिक

>>> पृष्ठ २ मा

## बहराइनमा पानी जहाज बनाउने कम्पनीमा रोजगार

कम्पनी : SIYANA INDUSTRIAL SERVICES AND SIAM SCAFFOLDS | शहर: Baharain
पूर्व स्वीकृत मितिः २०८०/११/०२ | चलानी नं.: ६०२१४९३८ | LT. No.: 300025

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fire Man (Certified) | 25 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५२,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mechanical Fitter | 25 | 0 | | 150 | ५२,७२८ | | | | | | | |
| 3. | Mig Welder | 20 | 0 | | 150 | ५२,७२८ | | | | | | | |
| 4. | Pipe Fitter | 25 | 0 | | 150 | ५२,७२८ | | | | | | | |
| 5. | Structural Fabricator | 15 | 0 | | 150 | ५२,७२८ | | | | | | | |
| 6. | Tig And Arc Welder | 25 | 0 | | 150 | ५२,७२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १० गते (22 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

EAGLE MANPOWER CONSULTANT PVT. LTD.
वैदेशिक यात्राको भरपर्दो साथी
Head Office Location : Chakrapath, Kathmandu, Nepal
Head Office. : 01-5912955 Pokhara Branch : 061-591567
License No.: 1606/079/080
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np

# कारागार अस्पतालमा ६ महिनामा २० हजार कैदीबन्दीको उपचार



**काठमाडौं /मस–** नेपालकै सबैभन्दा ठूलो र पुरानो कारागार जगन्नाथदेवल सुन्धारामा सञ्चालित केन्द्रीय कारागार अस्पतालमा ६ महिनामा २० हजार कैदीबन्दीले उपचार गरेका छन्।

नेपालको एक मात्र कारागार अस्पतालमा साउनदेखि पुस मसान्तसम्म १९ हजार नौ सय ९२ कैदीबन्दीले उपचार गरेका छन्। जसमा पुरुष कैदीबन्दी १६ हजार ४९५ र महिला कैदीबन्दी तीन हजार ४९७ रहेका छन्।

विसं १९७१ मा स्थापना भएको केन्द्रीय कारागार जगन्नाथदेवलमा विसं २०२० सालमा एउटा कोठाबाट कैदीबन्दीको स्वास्थ्य जाँच गर्न शुरु गरिएको थियो। सुरुमा १५ शय्याको अस्पताल सञ्चालनमा ३१ दरबन्दी रहेको अस्पतालले ३० शय्याको अस्पताल सञ्चालन गर्न ३६ दरबन्दी थप गरेको थियो। क्रमशः अस्पातलको सेवा विस्तार गरिँदै हाल ३० शय्याको अस्पताल सञ्चालनमा आएसँगै अस्पतालमा कर्मचारीको दरबन्दी समेत थप गरिएको छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा प्रकाश बुढाथोकी कारागार अस्पतालले पुरुष तथा महिला कैदीबन्दीका लागि छुट्टाछुट्टै वार्ड स्थापना गरेर जाँच गर्दै आएको बताउँछन्। 'कारागार अस्पतालले हाल ओपिडी, ल्याब, एक्सरे, इसिजी, अल्ट्रासाउन्ड, डेन्टल, मनोरोग, छालारोग र आँखा रोगलगायतका रोगको उपचार गर्दै आएको छ,' डा.बुढाथोकी भन्छन्।

सो अस्पतालले बेलाबेलामा कैदीबन्दीका लागि स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै कैदीबन्दीलाई खानपान, जीवनयापन, रहनसहनलगायतका कुरासमेत सिकाउँदै आइरहेको छ। कारागार अस्पतालले कारागारभित्र उपचार सम्भव नभएका रोगको उपचारका लागि काठमाडौंभित्रका विभिन्न २३ वटा अस्पतालसँग सम्झौता गरेको छ।

अस्पतालकी प्रशासन प्रमुख रमा घिमिरे कैदीबन्दीलाई सबै रोगको उपचार कारागारभित्रै गर्नेगरी सेवा विस्तार गर्दै लगेको बताउँछिन्। कारागार अस्पतालमा विभिन्न रोगका आठ जना विशेषज्ञ चिकित्सकले उपचार गर्ने व्यवस्थासमेत मिलाइएको उनको भनाइ छ।

केन्द्रीय कारागारमा हाल तीन हजार ४५० कैदीबन्दी छन्। एक हजार ५०० अटाउने केन्द्रीय कारागारमा हाल दोब्बरभन्दा पनि बढी कैदीबन्दी रहँदै आएका छन्। तीनवटा जेल रहेको केन्द्रीय कारागारको केन्द्र जेलमा एक हजार ८४४, भद्र जेलमा एक हजार १५३ र महिला जेलमा ४५३ कैदीबन्दी रहेका छन्। यसैगरी, बालसुधार गृहमा २२८ र नौ आश्रित बालबालिका रहेका छन्।

केन्द्रीय कारागार सुन्धाराका कारागार प्रशासक ललित बस्नेत देशभरका कैदीबन्दी उपचारका लागि काठमाडौं आउँदा केन्द्रीय कारागारभित्र कैदीबन्दीको संख्या बढेको बताउँछन्।

एक शताब्दी इतिहास बोकेको केन्द्रीय कारागार अहिले कैदीबन्दीको चापका कारण साँघुरो बन्दै गएको कारागार प्रशासक बस्नेत बताउँछन्।

कारागार अस्पतालले कैदीबन्दीको निःशुल्क स्वास्थ्य जाँच गर्दै आएको छ। कैदीबन्दीले निजी अस्पतालमा आफ्नो स्वास्थ्य जाँच गर्न चाहेमा आफ्नै पैसा खर्च गर्नुपर्ने हुन्छ। अस्पतालका बिरामीमा अहिले रुघाखोकी, दम, ज्वरो, टाइफाइडलगायतका बढी विरामी देखिने गरेका छन्।

यस्तै, केन्द्रीय कारागारमा हाल २५५ जना विदेशी कैदीबन्दी रहेका छन्। विदेशीमध्ये सबैभन्दा बढी भारतीय कैदीबन्दी रहेको कारागार प्रशासक बस्नेत बताउँछन्। भारतीय कैदीबन्दी अधिकांश लागूऔषध मुद्दाका रहेका उनको भनाइ छ। भारतपछि चीन र दक्षिण अफ्रिकाका कैदीबन्दी रहेका छन्।

आठ वर्ष केन्द्रीय कारागार अस्पतालमा रहेर विरामीलाई सेवा प्रदान गर्नुभएका नेपाल चिकित्सक सङ्घका पूर्व अध्यक्ष डा.केदारनरसिंह केसी साँघुरो ठाँउ र धेरै कैदीबन्दीका कारण विभिन्न रोग देखिएको बताउँछन्।

# प्रकाशक श्रेष्ठलाई पितृशोक



**काठमाडौं /मस–** मध्यान्ह दैनिककी प्रकाशक सीतादेवी श्रेष्ठलाई पितृशोक परेको छ। प्रकाशक श्रेष्ठका पिता एवम् सम्पादक मदनकुमार श्रेष्ठका ससुरा गौरीनारायण श्रेष्ठको बुधबार बिहान साढे ३ बजे काठमाडौंको टोखा-८ बानियाँटारस्थित आफ्नै निवासमा निधन भएको हो।

श्रेष्ठ लामो समयदेखि मुटुसम्बन्धी रोगबाट ग्रसित थिए। लमजुङको चितिमा २००१ साल फागुन २ गते जन्मिएका ७९ वर्षीय श्रेष्ठको जन्मदिनकै दिन निधन भएको पारिवारिक स्रोतले जनाएको छ। चितिमा श्रेष्ठलाई समाजसेवीको रुपमा चिनिन्थ्यो। श्रेष्ठका श्रीमती, तीन छोरी र दुई छोरा रहेका छन्। उनको बुधबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको परिवारिक स्रोतले जनाएको छ।


## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

Receptionist : 1 (Female)
Documentation : 1 (Female)

Salary
16,500
21,000

**Requirements:**
Minimum 2/3 Years of Experienced in Manpower fields.
Minimum Bachelor's Degree Passed.
Please send your CV: jsninternational1@gmail.com

J.S.N. International Pvt. Ltd.
Samakhusi, Ranibari, Kathmandu
Tel : 01- 4359573, 4364548 | 9823577688
श्रम इजाजत नं. १२१४/०७३/०७४


## इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

### इटहरी उप–महानगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।**

## माओवादीमा...

थिए। संरचनागत विधि र पद्धति नाम र चिन्ह लगायत विषयलाई आमूल परिवर्तन गर्दै अगाडि बढ्ने उनको प्रस्ताव थियो। जन मनोविज्ञान, भू-राजनीतिक व्यवस्था एवं प्रतिस्पर्धालाई समेत ध्यानमा राखी सुदृढ र व्यवस्थित कम्युनिष्ट पार्टी निर्माण गर्ने र माओवादीको नाम फेर्ने उनको प्रस्तावलाई स्थायी समितिले तल्लो कमिटीसम्म छलफल गर्ने गरी अगाडि बढाउने निर्णय गरेको थियो। त्यस अनुसार छलफल भएको सुझावहरु समेतको आधारमा विधान अधिवेनशनमा नेताहरुले पार्टीको नामै फेरेर अगाडि बढ्ने प्रस्ताव राखेका हुन्। माओवादी केन्द्रका नेता डोरप्रसाद उपाध्यायका अनुसार यो विषयमा पार्टीको दुई महिने संगठन निर्माण अभियान र जनतासँग माओवादी अभियानका क्रममा समेत छलफलमा लगिएको थियो। उनी भन्छन्, 'पार्टीको नाम र चुनाव चिन्ह फेर्ने विषय धेरै पहिलादेखि बहसमा आएको हो। यसपटक तल्लो कमिटीसम्म बहस भएर केन्द्रमा निचोडमाथि समीक्षा हुँदैछ।'

गत आम निर्वाचनअघि माओवादी केन्द्रले अरू दलहरूलाई मिलाएर समाजवादी केन्द्र बनाउने प्रयास गरेको थियो। त्यसका लागि उसले नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीसँग छलफल समेत गरेको थियो। माओवादीको उक्त प्रयास सफल भएको थिएन। चुनावपछि सोही पार्टीहरुसम्मित समाजवादी मोर्चा बनेको छ। माओवादीबाट २०७२ सालमा छुट्टिएका बाबुराम भट्टराईको नेतृत्वमा रहेको नेपाल समाजवादी पार्टीले मंसिरमा भएको निर्वाचनमा माओवादीकै चुनाव चिन्ह लिएको थियो। तर उक्त पार्टीले माओवादी सँगको एकताको लागि पार्टीको नाम फेर्नुपर्ने अडान राख्दै आएका छन्।

माओवादी केन्द्रकी उपाध्यक्ष पम्फा भुसाल संसदीय राजनीतिमा विभिन्न पार्टीको मोर्चा बनाउने भएपछि पार्टीको नाम र चुनाव चिन्ह फेर्नु पर्ने हो कि भन्ने धारणा आउनु स्वाभाविक रहेको बताउँछिन्। यसबारे जारी विधान अधिवेशनले कुनै न कुनै निर्णय लिने उनको विश्वास छ।

## वालुवाटार...

भएपनि प्राविधिक काम नसिकएपछि मुद्दा हेर्दाहेर्दैमा राखिएको अदालत प्रशासनले जनाएको छ। विशेष अदालतका प्रवक्ता उपरजिष्ट्रार धनबहादुर कार्कीका अनुसार निरन्तर २२ दिनको बहसपछि मुद्दाको फैसला हुन लागेको हो।

## माघमा...

र व्यक्तिगतरुपमा ६ सय ६५ जना, क्रोएशियामा म्यानपावरमार्फत २२ र व्यक्तिगतरुपमा ३ सय ६८ जना, साइप्रसमा ३ सय १ जना नेपाली कामदार गएका छन्।

चालु आर्थिक वर्षको सात महिनामा ४ लाख ५ हजार ५ सय ५२ जना नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको विभागले जनाएको छ। गत वर्ष सोही अवधिमा ४ लाख ७८ हजार ८ सय ३० जनाको श्रम स्वीकृति भएको थियो। वैदेशिक रोजगारीमा जानेको संख्यासँगै स्वदेश भित्रिने रेमिट्यान्स पनि उल्लेख्यरुपमा बढेको छ। नेपाल राष्ट्र बैंकका अनुसार पुस मसान्तसम्म चालु आर्थिक वर्षको ६ महिनामा ७ खर्ब ३३ अर्ब २२ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ।

## नील...

माघमा सय बढी कामदार पठाउने म्यानपावर कम्पनी :

नीलकमल ह्युमन रिसोर्स प्रा.लि.- ७३९
एसओएस मेनपावर सर्भिस प्रा.लि.- ७१०
एयर किङ्स प्लेसमेन्ट प्रा.लि.- ५४७
दि रिभर ओभरसिज प्रा.लि.- ५१४
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- ४५२
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- ३८३
साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ३७८
गल्फ मेनपावर सर्भिस प्रा.लि.- ३४१
अल जारफा ह्युमन रिसोर्स कन्सल्ट प्रा.लि.- ३२२
ट्रेण्ड वे इन्टरनेशनल प्रा.लि.- ३०२
ग्रेस ओभरसिज प्रा.लि.- २९६
नाइस रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.- २८९
इन्टरनेशनल मेनपावर रिक्रुटमेन्ट प्रा.लि.- २७६
अल जाहरा ह्युमन रिसोर्स कन्सल्ट्यान्टसी प्रा.लि.- २७४
लिंक इन्टरनेशनल प्लेसमेन्ट प्रा.लि.- २७०
टार्गेट कन्सल्ट्यान्ट ह्युमन रिसोर्स प्रा.लि.- २६५
हामदान ग्लोबल प्रा.लि.- २६५
बेष्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- २६२
अलस्कील इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- २५४
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- २४१
जब सिकर म्यानपावर प्रा.लि.- २४०
ओशो रिक्रुटिङ एजेन्सी प्रा.लि.- २३८
अमिटी ग्लोबल इम्प्लोइमेन्ट प्रा.लि.- २३०
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- २०६
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- २०२
अल सेक्योर मेनपावर रिक्रुटमेन्ट प्रा.लि.- २०१
वर्ल्ड वाइड इम्प्लोइमेन्ट कन्सल्ट्यान्ट प्रा.लि.- १९९
ब्राइट फ्युचर एचआर सोलुसन प्रा.लि.- १७०
शिखर इन्टरनेशनल मेनपावर सर्भिस प्रा.लि.- १६९
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- १६७
नौकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १६५
स्टाइरिस एचआर सर्भिस प्रा.लि.- १६३
मास ह्युमन रिसोर्स प्रा.लि.- १६१
एशिया पावर रिक्रुटमेन्ट कन्सल्टयान्ट प्रा.लि.- १५९
गोर्खा ह्युमन रिसोर्स प्रा.लि.- १५७
एमबी ह्युमन रिसोर्सेज प्रा.लि.- १५६
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्सी सर्भिस प्रा.लि.- १५२
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- १५१
लगिङ इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- १५०
शिवाकोटी मेनपावर सर्भिस प्रा.लि.- १४६
मदरल्याण्ड ओभरसिज प्रा.लि.- १४५
आरोही एचआर सोलुसन प्रा.लि.- १४४
मोन्टेज ओभरसिज प्रा.लि.- १४१
सदिक्षा ओभरसिज प्रा.लि.- १३९
सान नेपाल प्रा.लि.- १३७
अलआक्समाक्स कम्पनी प्रा.लि.-१३७
बेबी एन्जल्स इन्टरनेशनल प्रा.लि.- १३५
पायोनियर ओभरसिज सर्भिस प्रा.लि.- १३५
आकर्षण इन्टरनेशनल प्रा.लि.- १३३
रोटरी ओभरसिज प्रा.लि.- १३३
स्काई वे म्यानेजमेन्ट प्रा.लि.- १३१
भिक्टोरी नेपाल प्रा.लि.- १३१
लक्की एचआर सोलुसन प्रा.लि.- १३०
आयुश इन्टरनेशनल ओभरसिज सर्भिस प्रा.लि.- १३०
राज ग्रुप अफ कम्पनी प्रा.लि.- १२७
साहिद ओभरसिज प्रा.लि.- १२६
सगरमाथामा इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- १२३
थ्री ब्रदर्स ह्युमन रिसोर्स प्रा.लि.- १२३
ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.- १२३
फजल इन्टरनेशनल प्रा.लि.- १२२
कतार इन्टरनेशनल मेनपावर प्रा.लि.- ११८
ब्राइट स्टार ह्युमन रिसोर्स प्रा.लि.- ११६
पिरामिड इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- ११३
वाईके मेनपावर एजेन्सी प्रा.लि.- ११०
वाहा मेनपावर सर्भिस प्रा.लि.- १०७
बज्र ह्युमन रिसोर्सेज प्रा.लि.- १०५
एचएमटी ओभरसिज प्रा.लि.- १०२
एससीसी म्यानपावर कम्पनी प्रा.लि.- १०१
सेन्टर क्यापिटल सर्भिस प्रा.लि.- १०१
कान्तिपुर मेनपावर सर्भिस प्रा.लि.- १०१

## ईपीएस...

(फिंगरप्रिन्ट) दर्ता गर्नुपर्ने हुँदा त्यसका लागि २ घण्टा अगावै परीक्षा केन्द्रमा पुगिसक्नुपर्ने बताएको छ।

सक्कल राहदानी र प्रवेशपत्र नभएकाहरु परीक्षामा सामेल हुन नपाउने भन्दै शाखाले परीक्षामा चिट, कपी गरेको तथा अन्य अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गरी आगामी ४ वर्षसम्मका लागि परिक्षामा सहभागी हुन नपाउने गरी निलम्बन गर्ने बताएको छ।

परीक्षामा उत्पादनमूलकतर्फ १ लाख ६५ हजार र सिप बिल्डिङतर्फ २१ हजार २ सय ५४ जना परीक्षार्थी रहेको शाखाले जनाएको छ।


## कतारमा रोजगार

कम्पनी : BUDGET HYPERMARKET WLL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/११/०२ | चलानी नं.: ६०२१४९५१ | L.T. No.: 300038

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | सम्बन्धित काममा दक्ष | 1600 | ५८,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 10 | 0 | | 1300 | ४७,२४२ | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 1300 | ४७,२४२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १० गते (22 February 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३


नेपाल सरकार
शहरी विकास मन्त्रालय
## शहरी विकास तथा भवन निर्माण विभाग
## भेरीगंगा नयाँ शहर आयोजना कार्यालय, सुर्खेत

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८०/११/०३ (February 15, 2024)**

यस कार्यालय अन्तर्गत तपशिलका निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन (मितिः २०८०/१२/०४) को १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कायाालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट E–Bidding मार्फत बोलपत्र दाखिला गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| S.N. | Contract ID | Description of Works | Estimated Amount (Without PS & VAT , NPR) | Bid Security (NPR.) | Bid Doc. Fee (NPR.) | Bid /Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | BNTPO/Surkhet /Work/NCB/ 05/080-81 | Construction of Multipurpose Covered Hall, Bheriganga Municipality-12, Surkhet | 92,63,770.16 | 2,50,000.00 | 3000 | 90/120 days |

नि. आयोजना प्रमुख

# ‘बलियो राष्ट्रिय शक्ति आवश्यक छ’

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकका लागि एउटा राष्ट्रिय शक्तिको आवश्यकता रहेको बताएका छन् ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय पार्टी कार्यालयमा बुधबार अनेरास्ववियुको तेस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै उनले नेपाललाई निर्णायक तवरमा काम गर्नसक्नेखालको राष्ट्रिय शक्ति निर्माणको आवश्यकता रहेको धारणा राखे । उनले एमाले त्यो राष्ट्रिय शक्तिका रुपमा रहे पनि निर्णायक तहमा पुग्न नसकेको बताए ।

‘एमाले अहिले पनि सबल राष्ट्रिय शक्तिका रुपमा रहेको छ । तर निर्णायक तहमा पुगेको छैन’, उनले भने, ‘एमालेलाई सबल राष्ट्रिय शक्तिबाट निर्णायक ढंगले सुदृढ राष्ट्रिय शक्तिका रुपमा विकास गर्न अभियान पार्टीका छ ।’ उनले मिसन-२०८४ निर्वाचन मात्र नभई पार्टीलाई




सबल राष्ट्रिय शक्तिका रुपमा विकास गर्ने अभियान पनि रहेको बताए ।

अध्यक्ष ओलीले समय गतिशील रहेकाले पार्टीमा युवा विद्यार्थीको पुस्तान्तरण र हस्तान्तरण गरिने बताए ।

‘पार्टीमा कार्यक्षमता, सक्रिय, योग्यता, भारवहन क्षमताका आधारमा पुस्तान्तरण र हस्तान्तरण हुन्छ’, उनले भने ।

उनले अहिले नयाँ राजनीतिक दलको सिद्धान्त समाजवाद वा पुँजीवाद के हो भन्ने थाहा नभएको बताए ।

उनले युवा विद्यार्थीलाई समाजले मनपराउने र स्वीकार गर्नसक्ने खालका क्रियाकलाप गर्न सुझाव दिए ।

‘जनताले मन नपराउने, आलोचित र घृणा गर्ने कुरा नगर्नुहोस्’, उनले भने, ‘कुन चिज कहाँ गर्ने कसरी प्रयोग गर्ने भन्ने कुरा समाजले स्वीकार गर्न खालेको हुनुपर्दछ ।’

उनले कार्ड देखाएर विद्यार्थीको परिचय हुन नसक्ने भन्दै विद्यार्थीमा दयालु, मुस्कानसहितको व्यवहार हुनुपर्नेमा जोड दिए । एमाले केन्द्रीय सदस्य तथा अनेरास्ववियुका इञ्चार्ज किशोर विक्रम मल्लले विद्यार्थी आन्दोलन कमजोर भइरहेकाबेला अनेरास्ववियुले रचनात्मक ढंगबाट क्रियाकलाप अगाडि बढाउनुपर्ने बताए । अनेरास्ववियुका अध्यक्ष समिक बडालले संगठनलाई शैक्षिक आन्दोलनमा केन्द्रित गर्ने बताए । बैठक यही फागुन ४ गतेसम्म सञ्चालन हुनेछ ।

# संरक्षणको पर्खाइमा कालिकोटका पुरातात्विक सम्पदा



**कमल कुमाल/मध्यान्ह**
कालिकोट, २ फागुन

कालिकोटका पुरातात्विक महत्वको सम्पदाहरु संरक्षणको पर्खाइमा छ ।

त्यहाँका प्राचीन संरचना र वस्तु मासिँदै हराउँदै गएका छन् । विश्व सम्पदा सूचीमा सूचीकृत पर्यटकीयस्थल कालिकोट जिल्ला नजिकै रहेको त्यो ठाउँ चौपाया चरनस्थलका रूपमा परिणत भइरहँदा सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन ।

कालिकोटका प्राकृतिक सुन्दरतासँगै धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदताले पनि उत्तिकै परिचित छ । पर्यटकीय प्रवर्द्धनका लागि न त स्थानीय सरकारले चासो दिएको छ न राज्यका निकायबाट । कालिकोटमा रहेका पुरातात्विक सम्पदा (देवल) हरू संरक्षण अभावका कारण लोप हुने अवस्थामा पुगेका छन् ।

चौधौं शताब्दीमा पश्चिमका नायबी मल्लकालीन राजाहरूले निर्माण गराएका कलाकौशलयुक्त देवलहरूको उचित संरक्षण नहुँदा देवलका संरचना जीर्ण भइ हराउँदै गएपछि पुरातात्विक इतिहास बोकेका सम्पदा लोप हुने अवस्थामा पुगेका हुन् ।

वि.सं १४ सयदेखि १८औं शताब्दीसम्म सुदूर तथा मध्यपश्चिममा एकछत्र राज गर्दै आएका मल्ल राजाहरूले ग्रामीण बस्ती घुम्ने क्रममा उपयुक्त लागेको स्थानमा देवलहरू निर्माण गरी मौसमी रूपमा आवास बनाउने गरेका स्थान ओझेलमा परेको स्थानीय भनाइ छ ।

कालिकोटको खाँडाचक्र नगरपालिका, रास्कोट नगर पालिका, शान्नि त्रिवेणी गाँउपालिका, शुभकालिका गाँउपालिका र नरहरिनाथ गाउँपालिकामा पाँच वटा मन्दिर रहेका छन् । कलाकृतिले भरिपूर्ण र पुरातात्विक देवल, बैठक कक्ष, पानीका नाउला पहिचान महत्व दर्शाउने कालिकोटका ऐतिहासिक सम्पदा र संरचनाहरूको संरक्षण संवर्द्धन तथा पर्यटकीय प्रवर्द्धनका लागि न त स्थानीय सरकारले चासो दिएको छ न राज्यका निकायबाट ।

स्थानिय सरकार आएको पनि यत्तोबर्ष भैसक्दाँ पनी यसको प्रचार प्रसार र संरक्षणमा कुनै चासो र चिन्ता लिएको देखिएको छैन । कुनै बेला कालिकोट, बाजुरा, अछाम र दैलेखका स्थानीयहरूको छोटो बाटोको रूपमा रहेको गुटु चिसापानी बाजुराको वडिमालिका जाने बाटोमा रहेका दर्जनौं धर्मशालाहरू अहिले सुनसान बनेका छन् ।

महाभारतको मध्यभागमा रहेको तत्कालिन अजयमेरु राजाकी रानी नागी मल्लकी आमा रानी मौलाले घोडा सवारीसहितभित्र पस्ने विशाल धर्मशाला संरक्षणको पखाईमा छन् ।

# समुदाय-प्रहरी साझेदारी कार्यक्रममार्फत २० लाख बढी लाभान्वित

**काठमाडौं/मस–** चालु आर्थिक वर्षको साउनदेखि पुससम्मको ६ महिनाको अवधिमा देशभर सञ्चालन भएको समुदाय-प्रहरी साझेदारी कार्यक्रममार्फत कुल २० लाख ६२ जना नागरिकहरू प्रत्यक्ष लाभान्वित भएका छन् । यस अवधिमा जम्मा १ सय वटा शीर्षकमा देशभर ४९ हजार ३२६ वटा सामुदायिक कार्यक्रमहरू सञ्चालन भएका थिए । नेपाल प्रहरीको कार्ययोजना २०८० र प्रहरी महानिरीक्षकसँग प्रदेश प्रहरी प्रमुखहरूले गरेको कार्य सम्पादन सम्झौता अनुसार यी कार्यक्रमहरू भएका हुन् । सो अवधिमा काठमाडौं उपत्यकामा २ हजार ७०७ वटा, कोशी प्रदेशमा १४ हजार ४३१ वटा, मधेश प्रदेशमा ५ हजार २२७ वटा, बागमती प्रदेशमा ३ हजार ८७८ वटा गणडकी प्रदेशमा ९ हजार ७२५ वटा, लुम्बिनी प्रदेशमा ३ हजार ९४१




वटा, कर्णाली प्रदेशमा २ हजार ८३६ वटा र सुदूरपश्चिम प्रदेशमा ६ हजार ५८१ वटा सामुदायिक कार्यक्रमहरू सञ्चालन भएका थिए । सो कार्यक्रम मार्फत क्रमश: १ लाख ६४ हजार ८२७ जना, ३ लाख ८६ हजार ९२० जना, २ लाख २० हजार १३५ जना, २ लाख १८ हजार ३९७ जना, ४ लाख ७७ हजार ४६३ जना, १ लाख ५१ हजार ६४४ जना, १ लाख ४८ हजार १०४ जना र २ लाख ३२ हजार ५७२ जना नागरिकहरू प्रत्यक्ष लाभान्वित भएका छन् ।

समुदाय-प्रहरी साझेदारी अवधारणा बमोजिम सामुदायिक सुरक्षा अभिवृद्धि गर्नका लागि स्थानीय स्तरमा नेपाल प्रहरी, स्थानीय तह, सरकारी निकायहरू विद्यमान सामुदायिक प्रहरी तथा सामुदायिक सेवा केन्द्रहरू, विभिन्न क्षेत्रका गैह्र राजनीतिक सामुदायिक र सामाजिक संघसंस्थाहरू, महिला, बालबालिका र युवा सम्बन्धी संघ संस्थाहरू, माध्यमिक तह (कक्षा १२ सम्म) का विद्यालयहरू, शिक्षासँग सम्बन्धित संघ संस्थाहरू र समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरूको सहभागिता हुने गरी जिल्ला, पालिका, वडा, टोल र विद्यालय स्तरमा समितिहरू गठन गरी बृहत् राष्ट्रिय साझेदारी निर्माण गरिएको छ । यस अवधारणाबारे जानकारी दिँदै नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्छिन्,‘समुदायको सहभागितामा प्रहरीले आफ्नो कार्यलाई थप सहज र सफल बनाउन सामुदायिक अवधारणा सहयोगसिद्ध भएको छ । यस अवधारणाको कार्यान्वयनबाट प्रहरी र नागरिकबीचको सम्बन्ध सुदृढ हुन मद्दत पुगेको छ । यसले सामुदायिक सुरक्षामा अब्बल काम गर्न योगदान दिएको छ । फलत: अपराध रोकथाम, घटित अपराधको अनुसन्धानमा जनसहभागिता बढाएको छ । जसले समग्र शान्ति सुरक्षा एवम् अन्य प्रहरी कार्यमा समेत उल्लेखनीय योगदान पुग्न गएको छ ।

कार्यक्रमको माध्यमबाट ७ सय ५३ वटा स्थानीय तहसँग साझेदारी निर्माण गरी कार्यान्वयन गर्न औपचारिक समझदारी भएको थियो । जसअनुसार वृहत् रूपमा सामुदायिक सुरक्षा संस्थागत गर्न जिल्ला, पालिका, वडा, टोल र विद्यालय तहसम्म कुल २३ हजार ९ सय ९३ साझेदारी समितिहरू गठन भएका छन् । सो अवधिमा महिला हिंसा न्यूनीकरण सम्बन्धमा सञ्चालित ३ हजार ६५७ वटा कार्यक्रममा १ लाख ३ हजार ७९७ जना सहभागी भएका छन् । यसैगरी लागुऔषधविरूद्ध सञ्चालित ७ हजार ४४५ वटा जनचेतनामूलक कार्यक्रममा २ लाख ५१ हजार ८३० जना, साइबर अपराधविरूद्ध संचालित २ हजार ३२९ वटा कार्यक्रममा ८३ हजार ५८ जना र दुर्घटना न्यूनीकरण सम्बन्धमा संचालित २ हजार ५७१ वटा कार्यक्रममा ८३ हजार ८७५ जना सहभागी भएका छन् ।


# हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००१ फागुन २ गते

स्वर्गारोहण
२०८० फागुन २ गते

**स्व. गौरीनारायण श्रेष्ठ**

यस मध्यान्ह दैनिकको प्रकाशक सीतादेवी श्रेष्ठका पुजनीय पिता एवम् सम्पादक मदनकुमार श्रेष्ठका पुज्य ससुराज्यू **गौरीनारायण श्रेष्ठ**को यही मिति २०८० फागुन २ गते, बुधबार ७९ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी स्तब्ध छौं । स्वर्गीय श्रेष्ठज्यूको मृतात्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै, यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै भगवान्सँग प्रार्थना गर्दछौं ।

**मध्यान्ह दैनिक परिवार**



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३ फागुन २०८०, बिहीबार
15 February 2024, Thursday

## सम्पादकीय

### निष्कर्षमा पुग्नुपर्ने छलफल

पार्टीको संगठनात्मक प्रणाली तय गर्न पहिलोपटक नेकपा माओवादी केन्द्रले विधान महाधिवेशन गरेको छ । राजधानीको प्रज्ञा भवनमा जारी विधान महाधिवेशनमा उपाध्यक्ष पम्फा भुसाल नेतृत्वको समितिले तयार पारेको मस्यौदामाथि छलफल चलिरहेको छ । मंगलबारदेखि सुरु भएको महाधिवेशनमा २० समूह बनाएर प्रतिनिधिहरूले आफ्नो राय राखेका छन् । प्रतिनिधिहरूको सुझाव संकलन गरेर विधान महाधिवेशन हलमा प्रस्तुत गरिदैछ । बुधबारसम्म १३ समूहबाट आएको राय हेर्दा माओवादीभित्र ठूलै उकुसमुकुस रहेको अनुमान लगाउन सकिन्छ । किनकि प्रतिनिधिहरूले पार्टीको नाम र चुनाव चिन्ह फेर्नुपर्ने समेतको प्रस्ताव आएको छ । २०५१ सालमा राखिएको माओवादी र २०६४ सालमा रोजिएको चुनाव चिन्ह गोलाकारभित्रको हसिया हथौडा फेर्ने प्रस्ताव प्रतिनिधिहरूले ल्याएका छन् ।

जबकी माओवादी नाम र २०६४ देखि अभ्यासमा रहेको चुनाव चिन्ह पार्टीकै परिचय बनिसकेको छ । माओ विचारधारालाई वैज्ञानिक दर्शन भनेर राखिएको नामबाटै दश वर्ष सशस्त्र विद्रोह भएको थियो । अहिलेको चुनाव चिन्हबाटै माओवादी २०६४ सालको पहिलो संविधानसभामा सवैभन्दा ठूलो शक्ति बनेको थियो । तर अहिले आएर यी दुवै फेर्ने प्रस्ताव प्राविधिक मात्रै भएको मान्न सकिदैन । राजनीतिक परिस्थितिकै कारण अहिले पार्टी नाम र चुनाव चिन्ह फेर्ने प्रस्ताव आएको हुनसक्छ । यति मात्र नभएर प्रत्यक्ष निर्वाचित नेतृत्व, पदाधिकारीमा कार्यकाल, नेताहरूको उमेर हददेखि जनसंगठनहरूलाई स्वायत्त बनाउने समेत प्रस्ताव प्रतिनिधिहरूले राखेका छन् । यी प्रस्तावहरू महाधिवेशनबाट हलबाट पारित हुने वा नहुने संभावना बराबर छ ।

तर जसरी माओवादीभित्र पार्टी संगठनलाई लिएर खुलेर छलफल भयो र जस्तो प्रस्ताव आएको छ, यसले महत्वपूर्ण सन्देश दिन्छ । किनकि माओवादी गठनदेखि यता यसरी खुलेर संगठन र नेतृत्वबारे छलफल भएको संभवतः यो पहिलोपटक हो । यस्तो छलफलले नेताहरूमा पार्टीप्रति आत्मविश्वास र अपनत्व बढ्नेछ । सँगै, माओवादी अहिले अस्तित्वको लडाइमा रहेको समेत बुझ्न कठिन पर्दैन । चुनावी नतिजाले पनि माओवादी सजिलो अवस्थामा नरहेकै पुष्टि गर्छ । त्यसैले नागरिकमा विश्वास भर्नलाई नयाँ नाम र चिन्हसहित जाने प्रस्ताव गरेको हुनसक्छ । तर नाम र चिन्ह फेर्दैमा नागरिकको विश्वास प्राप्त भइहाल्छ भन्ने ढुक्क हुन्न । त्यसका निम्ति नयाँ र प्रष्ट कार्यक्रम सहित नेतृत्वमा रहेकाहरूले बिगतमा हुन पुगेका गल्ती सच्याउने तत्परता व्यवहारबाटै देखाउनुपर्छ ।

# अमेरिका र मध्यपूर्वको संकट

*२१औं शताब्दीको दोस्रो दशकको मध्यबिन्दूमा विश्व पुग्न लाग्दा पनि स्वाधिनता, स्वतन्त्रता र मानवीयताको सम्मान हुने वातावरण फेरि पनि बन्न नसकेको क्रुर यथार्थ विश्व सामु ठिङ्ग उभिएको छ । अमेरिकाले देखाएको बर्बरता मध्ययुगीनभन्दा भिन्न छैन ।*

अग्रलेख



● लोकनारायण सुवेदी

पछिल्लो केही महिनायता गाजा क्षेत्रमा सीमित रहेको इजरायल-प्यालेस्टाइनबीचको नरसंहारकारी युद्धले क्षेत्रीय युद्धको रूप लिने खतरा टड्कारो बनेको छ । अमेरिकाले इजरायलसँग मिलेर सीरिया र इराकलगायतमाथि बमबारी सुरु गर्न थालेको छ । अमेरिकाले आफ्ना तीन जना सैनिकहरूको मृत्युको बदला लिनका लागि भन्दै पूरै मध्यपूर्वमा युद्ध थोपर्दै छ । यतिबेला अमेरिकी प्रशासन के दाबी गरिरहेको छ भने ऊ इरानसँग युद्ध गर्न चाँहदैन । तर, उसको पछिल्लो कारबाही यस कुराको ठीक विपरित छ ।

आश्चर्य के देखिएको छ भने अमेरिका र पश्चिमा देशहरू गाजामा हजारौं हजार बालबालिका र महिलाहरूको मृत्युलाई केही पनि होइन जास्तो नजरअन्दाज गरेर हेर्दै आएका हुन् । तर, उसले आफ्ना केही सैनिक मारिएको बाहानामा पूरै मध्यपूर्वमा युद्ध थोपर्दैछन् । त्यति मात्र पनि होइन, हेग स्थिति अन्तर्राष्ट्रिय न्यायालयमा इजरायललाई खडा गरिएपछिको स्थितिमा पश्चिमा देशहरूले संयुक्त राष्ट्र संघ र त्यसका एजेन्सीहरूका बिरुद्धको दुष्प्रचारपूर्ण फत्तुरलाई तीव्र पारेका छन् । आफ्नो ज्यान जोखिममा पारेर गाजाका मानिसहरूलाई मानवीय सेवा-सहायता उपलब्ध गराइरहेका ती एजेन्सीका कार्यकर्ताहरूलाई अपराधी तथा आतंकवादी करार गरिरहेका छन् । संयुक्त राष्ट्रका राहत कार्य गर्ने एजेन्सीहरूको लागि दिइनु पर्ने कोषको रकम पनि उनीहरूले यतिबेला रोकिराखेका छन् ।



गाजा क्षेत्रमा अत्यन्तै ठूलो परिमाणमा बर्बादी र रक्तपातबाट इजरायललाई के हासिल भयो ? सुरक्षा विशेषज्ञहरू त्यसको हिसाव किताब अर्थात् लेखाजोखा गरिरहेका छन् । इजरायल आफ्नो घोषित कथित उद्देश्यहरू जस्तो कि हमासको समाप्ति र त्यस क्षेत्रमा असैन्यिकरण हासिल गर्नमा असफल साबित भएको छ । तर, उसको त्यो कथित 'उपलब्धी'का लागि पश्चिमा देशहरूमा वाहावाही चलिरहको देखिन्छ । यसैबीच हमासको उद्देश्य भने अझ सबल हुन पुगेको ठानिदै छ ।

हमासका नेताहरू के सोचिरहेका छन् भने योभन्दा त्रासदीपूर्ण र ठूलो बर्बादी उनीहरूका लागि अरु के हुन सक्छ । यसै कारणले गर्दा नै हमास युद्ध बिरामको प्रस्तावप्रति धेरै उत्साही देखिँदैन । केही समयका पछिल्ला अस्थाई युद्ध बिरामका अनुभवहरू पनि त्यति आशाकारी र उत्साहप्रद देखा परेनन् । बरु इजरायले अझ दोब्बर शक्तिका साथ ती युद्ध बिरामपछि जोडदार र सर्वनाशी आक्रमण गरेको कुरा विश्वले देखेको हो । त्यसैले त्यत्रो अपूर्व त्रासदी र सर्वनाश व्यहोरेको हमास फेरि त्यसको पुनारावृत्ति होस् भन्ने सायद चाहँदैन ।

अमेरिकासमेत पश्चिमी देशहरू गाजाको घटना क्रमको भावी परिणामको जसरी उपेक्षा र अनदेखा गरिरहेका छन्, त्यो उनीहरूका लागि पनि अत्यन्तै घातक सिद्ध हुन सक्ने अनुमान पर्यवेक्षहरूले लगाइराखेका छन् । तिनले संगठित या छिटफुट किसिमका हमलाहरू व्यहोर्नुपर्ने स्थिति र भिन्न खतराको सामना गर्नुपर्ने अवस्था आउन सक्ने आकंलन उनीहरू गरिरहेका छन् । जो मासिनहरू प्यालेस्टिनहरूको समर्थनमा पश्चिमा

> *गाजा क्षेत्रमा सीमित रहेको इजरायल-प्यालेस्टाइनबीचको नरसंहारकारी युद्धले क्षेत्रीय युद्धको रूप लिने खतरा टड्कारो बनेको छ । अमेरिकाले इजरायलसँग मिलेर सिरिया र इराकलगायतमाथि बमबारी शुरू गर्न थालेको छ । अमेरिकाले आफ्ना तीन जना सैनिकहरूको मृत्युको बदला लिनका लागि भन्दै पूरै मध्यपूर्वमा युद्ध थोपर्दै छ ।*

देशहरूका विभिन्न नगरहरूमा दिनदिनैजसो प्रदर्शन गरिरहेका छन्, तीमध्येका कतिपय संगठनहरूले आक्रामक हमलाको सहारा लिन सक्छन् भन्ने उनीहरूका अनुमान छ । विभिन्न सर्वेक्षणहरूले के कुरा प्रकाशमा ल्याएका छन् भने अमेरिकी विश्वविद्यालयकै विद्यार्थीलगायत यूवा समुदायले इजरायललाई अपराधी मान्दछ । अमेरिकी प्रशासनले हालैमा अमेरिकाको हार्डभर्ड र एमआईटी विश्वविद्यालयलगायतमा विद्यार्थीहरूमाथि मात्रै होइन, प्राध्यापकहरूमाथि पनि कारबाही शुरु गरिसकेको छ । तिनको आर्थिक सहायता पनि रोकिदिन थालेको छ । अमेरिकाको इतिहासमा सम्भवतः यो पहिलो अवसर हो, जतिबेला शिक्षण संस्थाहरूलाई यसरी तारो बनाइएको छ ।

अभिव्यक्तिको स्वतन्त्रतलाई दबाउने प्रयत्न गरिन थालेको छ । बिडम्बना त के भने तिनै पश्चिमा देशहरू एशिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूलाई अभिव्यक्ति स्वतन्त्रताको खुब उपदेश दिने गर्दै आएका छन् र गर्दछन् । अर्कोतिर, यस पूरै त्रासद, अमानवीय र नरसंहारकारी प्रकरणमा ब्रिक्स जस्ता संगठनहरूको भूमिका भने निकै नै निराशाजनक रहेको पनि विश्लेषकहरू औंल्याइरहेका छन् । पछिल्लो समय अर्थात् हालै ब्रिक्समा पाँच नयाँ देशहरूलाई पनि सामेल गरिएको छ । ब्रिक्सले नयाँ विश्व व्यवस्था कायम गर्ने दाबी गर्दै आएको छ ।

तर, पश्चिम एशियाको अहिलेको अत्यन्तै बिग्रँदो अमानवीय घटनाक्रमका बारेमा ब्रिक्सको तर्फबाट भने त्यस्तो कुनै पहल गरेको पटक्कै देखिएको छैन । मानिसहरूले विश्वभरी नै के अपेक्षा गरेको देखिन्छ भने ब्रिक्सका शक्तिशाली देशहरू रुस, चीन र भारतले समेत यदि विभिन्न अन्तराष्ट्रिय मञ्चहरूमा पश्चिम एशियाको गम्भीर समस्याका बारेमा दृढ प्रवृत्ति मात्रै दर्शाएको भए पनि त्यो इजरायलका लागि र प्रकारान्तरले पश्चिमा शक्तिहरूकै लागि पनि एउटा कडा सन्देश हुने थियो । ब्रिक्समा केवल दक्षिण अफ्रिका मात्रै एउटा अपवाद रहन पुगेको छ, जसले विश्व मानवताको पक्षमा सशक्त आवाज बुलन्द गरेको देखिएको छ ।

